आज मिति २०७९ साल आषाढ १० गते शुक्रवारका दिन दिनको १.०० वजे तानसेन नगरपालिकाको एघारौं नगरसभाको दोश्रो वैठक नगरसभाका अध्यक्ष एवं नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्यू को अध्यक्षतामा निम्न सभासद् ज्यूहरुको उपस्थितिमा वसी देहाय वमोजिम निर्णय गरीयो ।

| क्र.श | नाम | वडा नं. | पद | मोवाईल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | सन्तोष लाल श्रेष्ठ | वडा नं. २ | नगर प्रमुख सभा अध्यक्ष | ९८५७०६०५५२ | |
| २ | प्रतिक्षा सिंजाली | वडा नं. ४ | नगर उपप्रमुख नगरसभा सदस्य | ९८४७१०२८४९ | |
| ३ | सुनिल कुमार वस्याल | वडा नं. १ | नगरसभा सदस्य | ९८५७०६०१२६ | |
| ४ | महेश्वर श्रेष्ठ | वडा नं. २ | नगरसभा सदस्य | ९८४७०२९९५१ | |
| ५ | वावुरत्न शाक्य | वडा नं. ३ | नगरसभा सदस्य | ९८४७३०८७३१ | |
| ६ | हेमन्तराज शाक्य | वडा नं. ४ | नगरसभा सदस्य | ९८५७०६८८२८ | |
| ७ | राम बहादुर रावल | वडा नं. ५ | नगरसभा सदस्य | ९८४७०६९२८८ | |
| ८ | सागरमान महर्जन | वडा नं. ६ | नगरसभा सदस्य | ९८५७०७८०२१ | |
| ९ | प्रदिप खनाल | वडा नं. ७ | नगरसभा सदस्य | ९८४७०२९४६६ | |
| १० | सोमनाथ अर्याल | वडा नं. ८ | नगरसभा सदस्य | ९८४७०४३२०२ | |
| ११ | राजेश कुमार अर्याल | वडा नं. ९ | नगरसभा सदस्य | ९८५७०६०२०२ | |
| १२ | हिमलाल पंगेनी | वडा नं. १० | नगरसभा सदस्य | ९८५७०६०१०१ | |
| १३ | यादव सिंह कार्की | वडा नं. ११ | नगरसभा सदस्य | ९८५७०६०२२७ | |
| १४ | मेजर सिंह केसी | वडा नं. १२ | नगरसभा सदस्य | ९८५१०९०६४७ | |
| १५ | टुक प्रसाद भट्टराई | वडा नं. १३ | नगरसभा सदस्य | ९८५७०६५५१५ | |
| १६ | शोभाखर भट्टराई | वडा नं. १४ | नगरसभा सदस्य | ९८४७४२८५१६ | |
| १७ | लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | नगरसभा सदस्य | ९८४७२३२४२३ | |
| १८ | मञ्जु वि.क | कार्यपालिका सदस्य | नगरसभा सदस्य | ९८४७०४३७१६ | |
| १९ | सविता भट्टराई | कार्यपालिका सदस्य | नगरसभा सदस्य | ९८४७२२२२०३ | |
| २० | पुजा रावल | कार्यपालिका सदस्य | नगरसभा सदस्य | ९८४७०९८०५५ | |
| २१ | लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | नगरसभा सदस्य | ९८४७१०१८१६ | |

नगरपालिका
नगरपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| ७२ | बसन्ता ज्ञवाली | वडा नं. १४ | नगरसभा सदस्य | ९८४७११८५४४ | — |
| ७३ | मिना परियार | वडा नं. १४ | नगरसभा सदस्य | ९८४७११९३८५ | मिना |
| ७४ | राधिका थापा मगर | वडा नं. १४ | नगरसभा सदस्य | ९८६४५६८९५३ | |
| ७५ | केदार पाण्डे | वडा नं. १४ | नगरसभा सदस्य | ९८४७१९९१४४ | |
| ७६ | पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | सचिव | ९८५७०७४१११ | |

## संचारकर्मी

१ रविराम थापा पत्रकार महासंघ अध्यक्ष
२ श्रवण कार्की प्रेस चौतारी नेपाल
३ श्रवण दर्लामी प्रेस सेन्टर अध्यक्ष
४ यशंत शर्मा
५ बिन्दु थापा Bindu
६ माधव प्र. अर्याल
७ मुक्ति प्र. न्यौपाने
८. सन्तोष गहतराजु

९. गोविन्द भट्टराई
१०. प्रेरणा नेपाल
११. कमलराज तिमिल्सिना
१२ कमल अधिकारी
१३ विष्णु प्रसाद खनाल
१४ दिपक पोखरेल
१५. सुजाता वाग्ले
१६. [illegible] घिमिरे
१७ यज्ञमूर्ती तिमिल्सिना
१८ प्यारीराम न्यौपाने

## पर्यवेक्षक

१ सन्तोष
२ पुरामणी पोखरेल

## सल्लाहकार

१. विधान श्रेष्ठ
२ निर्दोष खनाल
३ हंस प्रसाद भट्टराई
४ सुवर्णमुनी शाक्य
५ राधेश्याम ज्ञवाली
६ श्रवण प्रसाद पराजुली (कानुनी सल्लाहकार)

# एघारौं नगरसभाका निर्णयहरु

(दोश्रो बैठक: २०७९।०३।१०)

निर्णय नं. १

मिति २०७९।०३।१० गते एघारौं नगरसभाको दोश्रो बैठकमा नगर उपप्रमुख प्रतिक्षा सिंजालीवाट टेवल गरिएको तानसेन नगरपालिकाको विनियोजन विधेयक, २०७९ सर्वसम्मतीबाट स्वीकृत गरियो ।

निर्णय नं. २

मिति २०७९।०३।१० मा शुभारम्भ भएको तानसेन नगरपालिकाको एघारौं नगरसभाको दोश्रो बैठकमा आर्थिक समितिका संयोजक श्री हेमन्तराज शाक्यवाट टेवल गरिएको तानसेन नगरपालिकाको आर्थिक विधेयक, २०७९ सर्वसम्मतीबाट स्वीकृत गरियो ।

निर्णय नं. ३

तानसेन नगरपालिकाको न्यायिक समिति संयोजक एवं नगर उपप्रमुख श्री प्रतिक्षा सिंजालीबाट पेश भएको न्यायिक समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

मिति २०७९।०३।१० गते एघारौं नगरसभाको दोश्रो बैठकमा विधायन समितिका संयोजक श्री महेश्वर श्रेष्ठवाट टेवल गरिएको, प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशबाट सहमति प्रदान गरिएको तानसेन नगरपालिकामा साविक स्थानीय निकाय/तहवाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ सर्वसम्मतीबाट स्वीकृत गरियो ।

निर्णय नं. ५

तानसेन नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन ऐनको वजेट सीमा भित्र रही वजेट कार्यान्वयन गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

तानसेन नगरपालिकाको नगर कार्यपालिकाको वैठकले मिति २०७९।२।२४ गते गठन गरेका समितिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नवौं नगरसभा देखि २०७९।३।१० गते सम्म नगरकार्यपालिकाले विभिन्न मितिमा गरेको योजनाको रकमान्तर, शिर्षकान्तर, योजनाको नाम संशोधन सम्बन्धी गरेको निर्णय लगायत सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

२०७८ श्रावण १ गते देखि २०७९ आषाढ १० गते सम्म कार्यपालिका, विभिन्न समिति, उप समिति, नगर प्रमुख एवं कार्यालयस्तरीय बैठकबाट भएका सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

तानसेन नगरपालिकाबाट आ.व.२०७८/०७९ बाट सरी जाने रकम ५ करोड ४८ लाख भन्दा वढी रकम नगरपालिका संचित कोषमा सरेर गएमा उक्त रकम बाडफांड गर्न नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. १०

तानसेन नगरपालिकामा करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको सेवा व्यवस्थापन सम्बन्धमा कार्यपालिका बैठकबाट गठित समितिले दिएको सुझाव सल्लाह सहितको प्रतिवेदन प्राप्त भए पश्चात आ.व. २०७९/०८० को लागि सम्झौता गरी काम काजमा निरन्तरता दिन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

चालु आ.व. २०७८/०७९ का लागि सशर्त र निशर्त बजेट र आन्तरिक आम्दानी समेतलाई चालू र पुंजीगत तर्फ बिनियोजन भई संम्झौता बमोजिम सञ्चालनमा रहेका र कार्य सम्पन्न पश्चात् नियमानुसार अन्तिम भुक्तानी लिएका सम्पुर्ण योजना तथा कार्यक्रमहरुलाई फरफारक गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

समपुरक कोष शिर्षकबाट साझेदारीमा कार्यान्वयन हुने बिभिन्न कार्यक्रम तर्फ अनुसूचीमा प्रष्ट हुन वांकी रहेका योजनाहरुको छनौट तथा बजेट बांडफांड गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

विशेष कोष मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको लागि विनियोजित रकम सम्वन्धित कार्यविधि/निर्देशिका अन्तर्गत रहेर कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.१४

बिनियोजन ऐनको अनुसूची ७ अन्तर्गतका क्षेत्र तथा बिषयगत प्रवर्द्धनात्मक कार्यक्रमको क्र.सं. ३३ को मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रमको रकम बांडफांड गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक र कार्यालय सहयोगी स्तरका जनशक्ति करारमा लिने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. १६

बेरुजु फछ्र्यौट, लेखा परीक्षण, न.पा.को हाल सम्मको पेश्की लगायत नियमीत गर्नुपर्ने बेरुजु नियमित गर्ने, बेरुजु कम्तीमा ५० प्रतिशत फछ्र्यौट गर्ने, असुल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्ने साथै अशुल उपर हुन नसक्ने वेरुजुको हकमा कानूनी उपायको खोजी गरी कार्य अगाडी वढाउने वा मिनाहा दिन सकिने भए विस्तृत विवरण तयार गरी अर्को नगरसभामा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १७

तानसेन नगरपालिकाका बिभिन्न क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई बिभिन्न समयमा आउने प्राकृतिक विपद् तथा महामारीको कारण बिस्थापित हुनु परेको अवस्थामा यस्ता प्रकोपबाट पिडित तथा जोखिममा रहेकाहरुको हीत र कल्याणको लागि नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्ने हेतुले निश्चित आधार तथा परिसुचकहरुको आधारमा विगत वर्षमा दिइदै आएको प्रोत्साहन प्रणालीमा आधारित सुविधा (तलबमा न्यूनतम् १० प्रतिशत) लाई निरन्तरता दिने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. १९

आ.व.२०७९/०८० का लागि ता.न.पा. क्षेत्रभित्र लागु हुने गरी विभिन्न निर्माण सामग्री, ढुवानी तथा ज्याला दररेट समेटिएको नगर दररेट तयारीको चरणमा रहेकोले तयारी पश्चात सो को स्वीकृती र कार्यन्वयनको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयनका लागि स्थानीय उपभोक्ताबाट कूल अनुमानित लागतको कम्तिमा १० प्रतिशत लागत सहभागिता अनिवार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

चालु आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम अन्तर्गत रहेर मिति २०७९ जेष्ठ मसान्तसम्म भएको आम्दानी तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

आ.व. २०७९/०८० को योजना तर्जुमा प्रक्रियाको क्रममा नगरपालिकाका १४ वटै वडामा सम्पन्न वडा भेलाहरु, विभिन्न विषयगत समिति तथा नगर कार्यपालिका बैठकहरुमा पेश भई संकलन भएका योजना तथा कार्यक्रमहरु मध्ये आ.व. २०७९/०८० को बार्षिक बजेट तथा कार्यक्रममा समावेश हुन नसकेका महत्वपुर्ण योजनाहरुलाई योजना बैंकमा समाबेश गर्ने तथा आ.व. २०७९/०८० मा थप बजेट व्यवस्था हुने देखिएमा उक्त योजना बैंकको सूचीबाट प्राथमिकताको आधारमा योजना छनौट गरी कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. २३

महालेखा परीक्षण तथा आन्तरिक लेखा परिक्षण प्रतिबेदनले औल्याएका सुझाव तथा प्रतिक्रिया उपर छलफल गरी उक्त प्रतिवेदनले औल्याए अनुसार नगरपालिकाको वित्तिय सुशासन अभिबृद्धि गर्न दिएका सुझाव तथा निर्देशनलाई पालना गर्दै प्रभावकारी रुपमा अगाडी बढ्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २४

शहरी शासकीय पूर्वाधार आयोजना अन्तर्गत योजना छनौट तथा बजेट बिनियोजन गर्न कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

नेपाल विद्यूत प्राधिकरण संग सहकार्य गरी नगरको उपयुक्त स्थानमा अत्याधुनिक हाइ मास्ट विद्यूत प्रणाली जडान गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ वमोजिम मिति २०७९।२।२४ गते कार्यपालिका वैठकवाट प्रस्ताव गरी पठाएको लेखा समिति, बिधेयक (विधायन) समिति र सार्बजनिक सेवा तथा क्षमता विकास (सुशासन तथा संस्थागत विकास) समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझेदारीमा हालसम्म गरिएका कार्यहरुको अनुमोदन गर्दै आगामी आ.व.मा गरिने आयोजनाहरुको कार्य प्रकिया अगाडि बढाउन नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

तानसेन नगरपालिकाको नगर गौरबका आयोजना विगबुद्ध लगायतका यौजनाहरु अगाडी बढाउन आवश्यक पर्ने जग्गा प्राप्तिको लागि सम्वन्धित निकायहरुसंग समन्वय गरी नेपाल सरकारसंग

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुरोध गर्ने साथै तत् तत् योजना सम्वन्धी सम्पुर्ण काम सम्पन्न गर्न नगर कार्यपालिकालाई पुर्ण अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २९**

तानसेन नगरपालिकाको वडा नं. ६ मा रहेको बसपार्कमा बहुउद्देश्यीय बहुतले भवन निर्माण गर्न र वडा नं. ५ बतासे डांडामा सिटीहल निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न नगर विकास कोष काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

आ.व.२०७९/०८० को लागि स्वीकृत भएका योजनाहरु मध्य रु. ५ लाख भन्दा माथिका योजनाहरुको नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गर्ने र सो भन्दा तलका योजनाहरुलाई वडास्तरीय अनुगमन समितिबाट अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

तानसेन नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा सम्बन्धी ऐन, २०७६ मा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| हाल भएको<br>(तानसेन नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा सम्बन्धी ऐन, २०७६ दफा ७ को उपदाफा (१)) | संसोधन गरिएको | संसोधन गर्नु पर्नाको औचित्य |
|---|---|---|
| ७. <u>स्वास्थ्य संस्था व्यवस्थापनः</u><br>(१) नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।<br>(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष अध्यक्ष<br>(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति उपाध्यक्ष<br>(ग) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य सदस्य<br>(घ) सामाजिक स्वास्थ्य शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरु मध्ये एक महिला सहित २ जना सदस्य<br>(ङ) महिला स्वयं सेविका मध्यवाट १ जना<br>(च) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख सदस्य सचिव<br>(२) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी , विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>(३) नगरपालिका प्रमुख उपप्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन।<br>(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्वन्धित पालिकाको प्रमुख - संरक्षक<br>क सम्वन्धित वडा अध्यक्ष - अध्यक्ष<br>ख समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्यबाट - उपाध्यक्ष<br>ग स्वास्थ्य चौकी रहेको क्षत्रको विद्यालयका प्रमुख/ प्राचार्य मध्यबाट १ जना महिला - सदस्य<br>घ स्थानिय व्यापार संघको प्रतिनिधि १ जना - सदस्य<br>ङ समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयमं सेविका बाट १ जना - सदस्य<br>च वडा कार्यलय अधिकृत १ जना - सदस्य<br>छ स्वास्थ्य चौकी प्रमुख- सदस्य सचिव | स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा नयाँ व्यवस्था गर्नुपर्ने भएकोले |

**निणर्य नं ३२**

तानसेन नगरपालिकाको एघारौं नगरसभालाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नु हुने नेपाल सरकार, प्रदेश सरकार, यस क्षेत्रबाट निवार्चित संघीय संसद तथा प्रदेश सभाका सम्पुर्ण माननीय सांसद/सदस्यज्यूहरु, राजनैतिक दलहरु, जिल्ला समन्वय समिति पाल्पा, संयुक्त राष्ट्र संघीय विकास कार्यकम नेपाल, द एशिया फाउण्डेशन, इ.पी.आई नेपाल, कारितास, हेफर इन्टरनेशनल नेपाल लगायत विभिन्न निकायहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ, नेपाल पत्रकार महासंघ लगायत सम्पुर्ण संचारकर्मीहरु, तानसेनमा कार्यरत गैरसरकारी तथा सेवा प्रदायक संस्थाहरु, टोल विकास संस्थाहरु, तानसेन गुठी, पाल्पाली संगम, पाल्पाली समाज पोखरा, नेपाल बैंक लिमिटेड, नागरिक समाज, तानसेन नगरपालिकाका बर्तमान तथा निवर्तमान जनप्रतिनिधीहरु तथा कर्मचारीहरु एवं समस्त नगरबासीमा धन्यबाद ज्ञापन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख